बागचौर नगरपालिका

# ५ नं. वडा कार्यालय

, सल्यान,

कर्णाली प्रदेश नेपाल

## ५ नं. वडा कार्यालयको संक्षिप्त विवरण

नगरपालिकाको वडा नं. ५ साबिक शिवरथ गाउँ विकास समितिका वडाहरू ५, ६, ७ र ८ मिलेर बनेको छ। वडा ५ को क्षेत्रफल १३.७४ वर्गकिमि रहेको छ। यस वडाको डिजिटल सर्भेअनुसार कुल घरधुरी सब्ख्या ६३५ रहेको छ। यस वडाको कुल जनसब्ख्या ३,४६१ रहेको छ। जसमा पुरुष १,७८४, महिला १,६७७ र अन्य शून्य रहेको छ। सर्भेअनुसार कुल साक्षर जनसब्ख्या २,५३८ रहेको छ। साक्षर पुरुषको जनसब्ख्या १,३८५ रहेको छ भने साक्षर महिलाको जनसब्ख्या १,१५३ रहेको छ।

वडामा बसोवास गर्ने वडावासीहरुको मुख्य पेसा कृषि रहेको छ। यस वडामा अदुवा, बेसार, टिमुर, मकै, गहुँ तथा बेमौसमी तरकारी खेतीका लागि राम्रो मानिएको छ। यसबाहेक व्यापार व्यवसाय तथा घरेलु उद्योग, थोक तथा खुद्रा व्यापार, शिक्षण, वैदेशिक रोजगारी, सरकारी सेवाका साथै होटल, पर्यटन जस्ता आयआर्जनका पेसाबाट यहाँका जनताले आफ्नो जीविकोपार्जन गर्ने गरेका छन्।

सहिद भरत प्रसाद वलीको सम्मान तथा स्मरणमा जनयुद्धकालमा स्थापना गरिएको विद्यालय श्री सहिद भरत स्मृति आधारभुत विद्यालयलाई माध्यमिक तहमा अपग्रेड गरिएको छ भने चारकोठे, दुई कोठे पक्की भवनहरु, आईसिटी ल्याबको स्थापना, घेराबार तथा प्रवेशद्वार निर्माण, शौचालय निर्माण लगायतका कार्यहरु भएका छन् भने अन्य सामुदायिक विद्यालयहरुमा शैक्षिक एवम् भौतिक सुधारका विभिन्न कार्यहरु सम्पन्न भएका छन्।

| क्र.स. | नाम थर | पद | सम्पर्क नम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जोगेन्द्र वली | वडा अध्यक्ष | ९८५७८२२४०८ | bagchaurward5@gmail.com |
| २ | लक्ष्मी वली रावत | महिला सदस्य | ९८०९५४३७१५ | bagchaurward5@gmail.com |
| ३ | रिता दमाई | दलित महिला सदस्य | ९८०३६१८६०४ | bagchaurward5@gmail.com |
| ४ | रमेश शाह | सदस्य | ९८४७४६२९५७ | bagchaurward5@gmail.com |
| ५ | लाल बहादुर बुढाथोकी | सदस्य | ९८०६२९०२७२ | bagchaurward5@gmail.com |
| ६ | दीपक वि.क. | कार्यापलिका सदस्य (मनोनित) | ९८०९५८०५५८ | bagchaurward5@gmail.com |
| ७ | कृष्ण कुमारी डि.सी. | वडा सचिव | ९८०९७७१२०६ | bagchaurward5@gmail.com |
| ८ | गणेश के.सि. | सव-ईन्जिनियर | ९७४९७७१४४७ | bagchaurward5@gmail.com |
| ९ | बबिता कुमारी भण्डारी | का.स. | ९८६३१५८३२२ | bagchaurward5@gmail.com |